**भेदभाव र सामाजिक बहिष्करणसम्बन्धी नेपालगञ्ज मानवअधिकार समुदायको अन्तरक्रियाको समापनवक्तव्य**

**लुइस आर्वर**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त**

**नेपालगञ्ज, नेपाल**
**२०६३ माघ ७**

मलाई नेपालगञ्जका नागरिक समाजका विभिन्न प्रतिनिधिहरूसँग भेट्ने र मानवअधिकारबारे तपाईंहरूका सरोकार सुन्ने विशेष अवसर प्राप्त भएको छ। मैले व्यापक मुद्दाहरूबारे सिक्न पाएकी छु, तर विभिन्न तप्काका नेपाली जनताका मानवअधिकारहरूलाई असर पार्ने लामो सयमदेखि विद्यमान भेदभाव र सामाजिक बहिष्करणको मुद्दालाई म जोड दिन चाहन्छु। यसले हामी मानवअधिकार रक्षक, सामुदायिक कार्यकर्ता, समुदायहरू, राजनीतिक दलहरू, सुरक्षाफौज र सरकार सबैलाई खडा गरेको चुनौतीबारे हामीले छलफल गरेका छौं।

एघार वर्षे द्वन्द्वको अन्त्य तथा विस्तृत शान्ति सम्झौतामा समावेश भएका मानवअधिकार र सामाजिक रूपान्तरणका प्रतिबद्धताहरू भएयता लामो समयदेखि विद्यमान भेदभाव, जसको परिणामस्वरूप आफ्ना लाखौं लाख मानिस चरम सामाजिक बहिष्करणमा परेका छन् त्यसको उन्मूलन सुरु गर्न व्यावहारिक तथा ठोस पहलहरू लिन नेपाललाई एउटा ऐतिहासिक अवसर छ।

नेपालगञ्जमा आज यहाँ लगायत नेपालमा मेरो आगमनयता दलित, मधेशी, आदिबासी समुदायहरू, विभिन्न पृष्ठभूमिका महिला तथा बालिका, अपाङ्ग, यौन अल्पसङख्यकहरू र अन्य धेरै समूहहरूले सहेका भेदभावबारे मैले सुनी सकेकी छु।

भेदभाव धेरै रूपमा विद्यमान रहेको छ र सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकार एवं नागरिक तथा राजनीतिक अधिकारहरू प्रभावित गर्दछ : उदाहरणका लागि, पानी र खाना, आवास, शिक्षा तथा कार्य अवसरहरू र नागरिकता र यसले ल्याउने संरक्षण तथा अधिकारहरू, न्याय र न्यायले दिएको संरक्षणमा पहुँच।

नेपालगञ्जमा हालै घटेका घटनाहरूले बहिष्करणका मुद्दाहरूलाई सम्वाद र अझ विस्तृत समझदारीमार्फत् यी समस्याहरूको पहिचान र सम्बोधन गर्ने आवश्यकतालाई जोड दिएका छन्।

संसारका अन्य धेरै भागमा जस्तै नेपालमा लाखौं लाख मानिसका लागि भेदभाव र गरिबीबीच प्रत्यक्ष सम्बन्ध छ। भेदभावले मानिसलाई अवसर र स्रोतहरूमा पहुँच प्राप्त गर्नमा अवरोध सिर्जना गर्दछ र नेपालमा यसको अर्थ विकासका धेरै पहलले भेदभावबाट सबैभन्दा प्रभावित तथा ती अवसर र स्रोतहरूको सबैभन्दा आवश्यकता भएका केही समूहहरूलाई बाहिऱ्याएको छ भन्ने हो।

भेदभाव र बहिष्करणले समानताको आधार र सबै मानवअधिकारको अधाारभूत जग रहेको सरल मानव प्रतिष्ठा व्यक्ति र समुदायहरूलाई अस्वीकार गर्दछ। *मानवअधिकारको विश्वव्यापी घोषणापत्र*ले, आफ्नो भूमिकामा, "मानव परिवारका सबै सदस्यका अन्तर्निहित प्रतिष्ठा र ... समान तथा नैसर्गिक अधिकारहरू" मा जोड दिएको छ। धारा एकले "सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान भएर जन्मन्छन्" भनी उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुन यसै जगमा निर्माण भएको छ।

गहिरो जरा गाडेर रहेका असमानता र भेदभावका यी मुद्दाहरूलाई सम्बोधन गर्ने अन्तर्राष्ट्रिय कानुनमा नेपाल सरकारको दायित्व छ ।

लामो समयदेखि विद्यमान र गहिरो जरा गाडेर रहेको भेदभावलाई परिवर्तन गर्नु सजिलो कार्य होइन । यो रातारात पूरा हुन सक्दैन । तर, यो समस्यालाई विस्तृत शान्ति सम्झौतामा स्वीकारेर दलहरूले परिवर्तनको लागि बाटो खोलेका छन् । राजनीतिक प्रक्रियाबाट परम्परागत रूपमा बाहिऱ्याइएका मानिसहरूले, संविधान सभाको चुनावमा सहभागी भएरसमेत, नयाँ नेपालको निर्माण गर्नमा समान रूपले सहभागी हुन पाऊन् भन्ने सुनिश्चित गर्न यो प्रतिबद्धतालाई सङ्क्रमणको क्रममा व्यावहारिक उपायहरूद्वारा पूरा गरिनुपर्दछ ।

लाखौं लाख नेपाली जनताले भोगेको बहिष्करणको यो कारणलाई सम्बोधन गर्नमा नयाँ नागरिकता ऐन एउटा महत्वपूर्ण सुरुवात हो, यद्यपि मेरो कार्यालय महिलासँग सम्बन्धित भेदभावपूर्ण प्रावधानहरूबारे चिन्तित रहेको छ । सबै तहका निर्णय गर्ने निकायहरू विविधताायुक्त नेपाली समाजको बढी प्रतिनिधिमूलक बनून् र विशेषत: तिनले दलित, मधेशी, आदिवासी समुदाय जस्ता परम्परागत रूपले बहिष्कृत समूहका सदस्यहरूलाई समावेश गरून् भन्ने सुनिश्चित गर्नु पनि अति आवश्यक छ । सार्वजनिक तथा राजनीतिक जीवनबाट महिलाहरूको बहिष्करणलाई पनि सम्बोधन गरिनुपर्दछ । परम्परागत रूपले बाहिरिएका मानिसलाई राजनीतिक प्रक्रिया बारेको जानकारी र यसमा सहभागी हुने अवसरहरूमा पहुँच हुनु अति आवश्यक छ ।

मानवअधिकारप्रतिको नेपालको प्रतिबद्धता यसै शान्ति प्रक्रियामार्फत् जाँचिने छ । सन् २००६ अप्रिलको जनआन्दोलन नेपाली जनाताले आफ्ना अधिकारहरू माग गरिरहेको कुराको सङ्केत थियो भने अबको शान्ति प्रक्रियाले सबै नेपाली जनताले यी अधिकारको पूर्ण रूपले अभ्यास र उपभोग गर्न पाउनुपर्दछ भन्ने सुनिश्चित गर्नुपर्दछ । संविधान निर्माण प्रक्रिया यस्तो हुनुपर्दछ जहाँ सबै मानिसको समानताको सिद्धान्त लामो समयदेखि विद्यमान भेदभाव र सामाजिक बहिष्करणलाई सम्बोधन र उन्मूलन गर्ने कार्यको आधार हुन्छ । यसका लागि सामुदायिक स्तर एवं राष्ट्रिय स्तरमा सरकार, राजनीतिक दलहरू र नागरिक समाजको कार्य र प्रतिबद्धताको आवश्यकता पर्नेछ ।

यसो भन्दै, यहाँ नेपालगञ्ज तथा मध्यपश्चिम क्षेत्रमा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न आफूले गरेका कामका लागि म तपाईंका सङ्गठनहरूलाई बधाई दिँदै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु - र आफ्नो समुदाय र देशभरि नै भेदभाव र सामाजिक बहिष्करण उन्मूलन गर्नेतर्फ आफ्ना प्रयासहरू तीव्र पार्न आग्रह गर्न चाहन्छु ।